# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा
कोशी प्रदेश नेपाल

प.सं. २०८१/८२
च.नं.

पत्र संख्या : ०८१/८२ | सूचना नं. ६० | मिति : २०८२/०१/१५
चलानी नं. : | | ने.सं. ११४५ बच्छलाथ्व, १ सोमबार

श्री जो जससँग सम्बन्धित छ ।

विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा सिद्धिचरण नगरपालिका-९ ज्यामिरे, ओखलढुङ्गा स्थित श्री कुन्ता माध्यमिक विद्यालय ज्यामिरेमा रिक्त रहेको निम्न-माध्यमिक तह, तृतीय श्रेणी, विज्ञान विषयको शिक्षक पदको स्वीकृत दरबन्दीमा पदपूर्ति गर्न सरुवा प्रक्रिया अगाडि बढाइदिन हुन भनी वि.व्य.स.को मिति २०८२/०१/०९ गतेको निर्णय तथा विद्यालयको च.नं. ४९, मिति २०८२/०१/१५ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमती सहित सम्बन्धित विद्यालयमा निबेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका-२०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पुनश्च:**

१. तोकिएको म्याद भित्र सम्वन्धित विद्यालयमा निबेदन पेश गर्न सकिनेछ ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निबेदन माथि कुनै कार्बाही हुने छैन ।
३. सरुवा हुन चाहेको विद्यालय एउटै स्थानीय तह भित्रको भए हाल कार्यरत विद्यालयको सहमती, एउटै जिल्ला भित्रको फरक स्थानीय तह अन्तर्गतका विद्यालय भए आफू कार्यरत विद्यालय र कार्यरत विद्यालय रहेको स्थानीय तहको सहमती र सरुवा भई जाने विद्यालय अर्को जिल्ला अन्तर्गतको विद्यालय भए हाल कार्यरत विद्यालय, विद्यालय रहेको स्थानीय तह र कार्यरत विद्यालय रहेको इकाइको सहमति समेत समावेश गर्नुपर्नेछ ।
४. निवेदन विद्यालयको इमेल ठेगाना : kuntamavi2016@gmail.com मा समेत पठाउन सकिनेछ ।

फणिन्द्र बहादुर कटवाल
नि.प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**
श्री शिक्षा विकास तथा समन्वय इकाइ ओखलढुङ्गा
श्री कुन्ता माध्यमिक विद्यालय ज्यामिरे, सिद्धिचरण नगरपालिका-९, ज्यामिरे, ओखलढुङ्गा

फोन नं. ०३७-५२०२१३ E-mail:siddhicharanmunicipality@gmail.com Website:siddhicharanmun.gov.np